# जानकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल


**वैदेशिक रोजगारीमा जाने श्रमिक तथा कामदारको व्यक्तिगत तथा पुन: श्रम स्वीकृतको अनलाईन आवेदन सम्बन्धी सूचना ।**

**( प्रकाशित मिति :- २०८०।०७।१३ )**

वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार वैदेशिक रोजगारीमा जाने हरेक नेपालीले अनिवार्य रुपमा श्रम स्वीकृति लिनुपर्ने व्यवस्था छ । वैदेशिक रोजगारीलाई थप व्यवस्थित, सुरक्षित, मर्यादित, भरपर्दो तथा सहज बनाउन वैदेशिक रोजगारमा जाने श्रमिक तथा कामदारको व्यक्तिगत तथा पुन: श्रम स्वीकृतको अनलाईन आवेदन एवं **वैदेशिक रोजगार सम्बन्धी सूचनाको सेवा प्रवाह जानकी गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट भैरहेको** व्यहोरा विदितै छ, वैदेशिक रोजगारमा जाने व्यक्तिहरुले तपशिल बमोजिमका कागजातहरु संलग्न गरी रोजगार सेवा केन्द्रबाट श्रम स्वीकृति गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै वैदेशिक रोजगारमा जाने व्यक्तिहरुले अन्तिम श्रम स्वीकृति प्राप्त गरिसके पश्चात् मात्र प्रस्थानको लागि हवाई टिकट लिन हुन सम्बन्धित सरोकारवालाहरुलाई अनुरोध छ ।

<u>तपशिल:</u>

१. राहदानी र पुरानो श्रम स्वीकृतिको प्रतिलिपि ।

२. अघिल्लो पटक र हाल प्राप्त गरेको प्रवेशाज्ञाको प्रतिलिपि ।

३. प्रवेशाज्ञाको अवधि बाँकी छँदै सम्बन्धित मुलुकको प्रचलित कानून बमोजिम रोजगारदाता परिवर्तन भएमा नयाँ रोजगारदातासँग गरेको करारनामाको प्रतिलिपि ।

४. बैंक चेकको प्रतिलिपि र पासपोर्ट साईजको फोटो ।

...................
तत्त अधिकारी
रोजगार संयोजक

०७.१३
...................
( आशिष चौधरी )
प्रमुख प्रशासकीय अधिकृत

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत



फोन नं. ✆ ०९१-५०००७६,०९१-५०००७७, ०९१-५०००७८, ०९१-५०००७९ (LEOC)
E-mail: janakiruralmun@gmail.com Website: janakimunkailali.gov.np
Google Plus Code : H455+W2H Durgauli